विरबहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

विरबहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७५ भाद्र २९ गते शुक्रवारका दिन सुनछहरी गाउँपालिकाका अध्यक्ष श्री आश बहानुर पुन ज्युको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा तपसिल बमोजिमका प्रस्ताबहरु माथि छलफल गरी निम्न निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | आश बहादुर पुन | अध्यक्ष | | |
| २ | पवित्रा घर्तीमगर | उपाध्यक्ष | | |
| ३ | महाविर रानामगर | १ नं.वडा अध्यक्ष | | |
| ४ | तेमन घर्ती | २ नं.वडा अध्यक्ष | | |
| ५ | मोत बहादुर घर्ती | ३ नं.वडा अध्यक्ष | | |
| ६ | खडक बहादुर घर्तीमगर | ४ नं.वडा अध्यक्ष | | |
| ७ | तिर्ख बहादुर बुढाथोकी | ५ नं.वडा अध्यक्ष | | |
| ८ | अमरजित पुनमगर | ६ नं.वडा अध्यक्ष | | |
| ९ | टिका बहादुर बुढामगर | ७ नं.वडा अध्यक्ष | | |
| १० | सेम कुमारी घर्ती | सदस्या | सेमकुमारी | |
| ११ | ननकला घर्ती | सदस्या | ननकला | |
| १२ | निरमला पुनमगर | सदस्या | निरमला | |
| १३ | जुन कुमारी रोका | सदस्या | जुनकुमारी | |
| १४ | मोतीरामा नेपाली | सदस्या | | |
| १५ | सन्तु कामी | सदस्या | सन्तु कामी | |
| १६ | बीर बहादुर पुन | सदस्य सचिव | | |

विरबहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

विरबहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत



मिति २०७८/११/२९

विरबहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थिति

| क्र.स | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | लिलामणि सुवेदी | श्रोत व्यक्ति | | |
| २ | नारायण गिरी | श्रोत व्यक्ति | | |
| ३ | सुन बहादुर पुन | पशु सेवा शाखा संयोजक | | |
| ४ | जगत बहादुर बुढा | स्वास्थ्य शाखा संयोजक | | |
| ५ | गुमान सिंह विष्ट | सुचना प्रविधि अधिकृत | | |
| ६ | करुण श्रेष्ठ | सव इन्जिनियर | | |
| ७ | कर्ताराम चौधरी | ना प्र स कृषि | | |
| ८ | गंज बहादुर थापा | ६ नं वडा सचिब | | |
| ९ | राजेन्द्रविक्रम चौधरी | नायब सुब्बा | | |
| १० | जेनिसा बुढामगर | पोषण स्वयम सेवक | | |
| ११ | भगवती बुढामगर | महिला तथा बाल बालिका संयोजक | | |
| १२ | अलमोल खत्री | का स | | |
| १३ | कुमारी पुनमगर | का स | | |
| १४ | दया बहादुर बुढामगर | नायब सुब्बा | | |

विरबहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

विरबहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

विरबहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं १ माथि छलफल गर्दा यस सुनछहरी गाउपालिका अन्तर्गत स्वास्थ्य चौकीमा कार्यरत विनियोजित सर्शत वजेट अर्न्तगत रही तपशिल बमोजिमको तलवमान कायममान रहने गरी देहायका साविकमा कार्यरत अ.न.मि. अ.हे.व. तथा कार्यलय सहयोगीहरुको करार सम्झौता गर्ने निर्णय गरियो ।

क. पद : अ.न.मी.

- विनियोजित सर्शत वजेट १५९६०००। (पन्ध्र लाख छयानव्वे हजार)
- संख्या : ७ जना
- कायमहुने तलव: १६७६९।- ( १ महिना वरावरको चाडपर्व खर्च समेत)
- पोशाक भत्ता : १००००।-

| क्र.स. | नाम | कार्यरत संस्था | कैफियत |
|---|---|---|---|
| १ | दुजी घर्ति | घुसवाङ गाउघर क्लिनिक सेरम | |
| २ | ईन्द्रा कुमारी विष्ट | स्वास्थ्य चौकी वाहिरी गाम | |
| ३ | कुश्मला रोका | स्वास्थ्य चौकी ,स्युरी | |
| ४ | देउमा पुन | स्वास्थ्य चौकी , पोवाङ | |
| ५ | कमला विष्ट | गाउघर क्लिनिक ,कसला | |
| ६ | प्रेमकुमारी वुढा | स्वास्थ्य चौकी, जेलवाङ | |

नोट: एक जना नया नियुक्तिकोलागि विज्ञापन गरिएको छ ।

ख. पद कार्यलय सहयोगी

- विनियोजित सर्शत वजेट : ७२००००।- ( सात लाख विस हजार)
- संख्या: ५जना
- कायम हुन आउने तलव: १२०००।- ( वाह्र हजार )

| क्र.स. | नाम | कार्यरत संस्था | कैफियत |
|---|---|---|---|
| १ | अर्जुन राना | स्वास्थ्य चौकी, सेरम | मिति २०७५ भाद्र २९ गतेवसेको कार्यपालीका वैठकवाट १ महिना वरावर चाडपर्वखर्च र पोशाक भत्ता दिईने निर्णय भएको छ । |
| २ | जसपति घर्ति | स्वास्थ्य चौकी, वाहिरी गाम | |
| ३ | वेलमान वुढा | स्वास्थ्य चौकी, स्युरी | |
| ४ | श्यामकुमार घर्ति | स्वास्थ्य चौकी, फगाम | |
| ७ | जानलाल कामी | स्वास्थ्य चौकी, जेलवाङ | |

विरबहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

विरबहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

ग. पदः सामुदायिक स्वास्थ्य चौकीमा कार्यरत अ.हे.व. अ.न.मी तथा का.स.

- विनियोजित सर्शत वजेटः ४०००००।- (चार लाख रुपिया)
- संख्या : ३ जना - अ.हे.व. अ.न.मी र कार्यलय सहयोगी
- कायमहुन आउने तलवः

| क.स. | नाम | कार्यरत संस्था |
|---|---|---|
| १ | प्रेम प्रकाश खड्का | सामुदायिक स्वास्थ्य चौकी |
| २ | सुनमाया घर्ति | सामुदायिक स्वास्थ्य चौकी |
| ३ | | |

घ. कृषि तर्फ एक गाउ एक प्राविधिक

- पद.: ना.प्र.स.
- विनियोजित सर्शत वजेटः १४८३०००।- ( चौध लाख त्रियासी हजार रुपिया)
- संख्याः ५ जना
- कायम हुन आउने तलवः

| क.स. | नाम | कार्यरत संस्था | कैफियत |
|---|---|---|---|
| १ | शिवओम पाण्डे | सेरम | |
| २ | तारा प्रकास | गाम | |
| ३ | रेस्मी नेपाली | स्युरी | |
| ४ | कृष्णा गिरी | फगाम | |
| ५ | वालाराम थापा | जेलवाङ | |

ङ पशु सेवा तर्फ

- पदः ना.प्र.स.
- विनियोजित सर्शत वजेटः २९६०००।- दुईलाख छयानव्वे हजार)
- संख्या : १
- कायम हुन आउने तलवः २२०००।-
- गोविन्द वुढा गाम

प्रस्ताव नं. २ माथि छलफल गर्दा साहारा अल्लो प्रशोधन उधोग समुह जेलवाङ ७ र भा.पु. धागो उत्पादन सुविधा केन्द्र जेलवाङलाई एन.एल.टि.ई.ई. पोखरा विश्व विधालयवाट ५० प्रतिशत अनुदानमा प्रदान गर्न लागेको अल्लो धागो प्रशोधन मेशीनको हुन आउने ५० प्रतिशत एउटा मेशीन वरावर २ लाख गरी २ वटा मेशीनको कुल चार लाख रुपिया समपुरक कोषवाट व्यहोर्ने निणर्य गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस सुनछहरी गाउपालिकाको लोगो निर्माणकोलागि प्रतिस्प्रर्धाको आधारमा हुनेगरी २५ हजार वरावरको पुरस्कार रकम राख्ने निणर्य गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस सुनछहरी गाउपालिका अर्न्तगत संचालनमा आउने ठुला खालका मेशीनहरुको दर रेट निर्धारण गरी सिफारीस गर्नकोलागि खड्क व. घर्ति मगरको सयोजकमा मोत व. घर्ति र करुण श्रेष्ठ सदस्य रहने गरी ३ सदस्ययी दर रेट निर्धारण सिफारीस समिति गठन गर्ने निणर्य गरियो र उक्त समितिले २०७५ असोज ५ गते वस्ने कार्यपालिकाको वैठकमा पेश गर्ने निणर्य गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस सुनछहरी गाउपालिकाको विपद व्यवस्थापन अधिकारीको रुपमा नायव सुव्वा दया वहादुर वुढा मगर लाई तोक्ने निणर्य गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस सुनछहरी गाउपालिकाको भवन निर्माण गर्न , तथा प्रदेश सरकारवाट प्राप्त भएको सर्शत वजेट अर्न्तगत वहुउद्धेश्य हल र खेलकुद मैदानकोलागि तत्काल आवश्यक जग्गा प्राप्तिकोलागि तपशिल वमोजिमको सदस्य रहने गरी कार्यदल गठन गरियो र उक्त समितीले यथाशिर्घ कार्यपालिका वैठकमा पेश गर्नै निणर्य गरियो ।

- तिर्ख वहादुर वुढाथोकी - सयोजक
- जुनकुमारी रोका - सदस्य
- सन्तु कामी - सदस्य
- सुन वहादुर पुन - सदस्य
- करुण श्रेष्ठ - सदस्य सचिव

प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिति २०७४ भाद्र २९ गते सुनछहरी गाउकार्यकार्यपालिकाको वैठकवाट निणर्य नं १ को उप निणर्य ३ वमोजिम सवारी साधन अर्न्तगत प्रवेश शुल्क लिने निणर्य भएकोमा अव देखी उक्त कर प्रदेश सरकारको मातहतमा लिने परिपत्र अनुरुप आजको यस वैठकवाट उक्त कर यस सुनछहरी गाउपालिका अर्न्तगत संचालन हुने सवारी साधनमा प्रवेश शुल्क नलिने निणर्य गरियो ।

प्रस्ताव नं ८ माथि छलफल गर्दा सवारी साधन अर्न्तगत विनियोजित वजेट अर्न्तगत २०१८ को नया भर्सनमा वोलेरो जिप खरीद गर्ने निणर्य गरियो ।

विरवहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

विरवहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

विरबहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

विरबहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ९माथि छलफल गर्दा वहुक्षेत्रिय पोषण कार्यक्रम अर्न्तगत यस सुनछहरी गाउपालिका अर्न्तगत पोषण स्वयसेवक छनौट सम्वन्धमा मिति २०७५ भाद्र ७ गते परिक्षा गराई ५ जना आवेदन परेकोमा १ जनाको रीत नपुगेको वाकी ४ जना विच खुला प्रतिस्प्रर्धा गराउदा उक्त प्रतिस्प्रर्धी मध्येवाट उक्त परिक्षा छनौट समितीले जेनिषा वुढालाई सिफारीस गरी भाद्र ८ गते दिईएको नियुक्तिलाई कार्यपालिका वैठकवाट अनुमोदन गर्ने निणर्य गरियो ।

प्रस्ताव नं १० माथि आवश्यक छलफल गर्दा यस सुनछहरी गाउपालिका अर्न्तगत सुचिकृतहुन आउने विभिन्न समुह, क्लव, व्यापारी फर्म, कन्सल्टेण्टहरुलाई तपशिल वमोजिमको दर रेट कायम गर्ने निणर्य गरी उक्त दररेट आर्थिक ऐनमा समेत उल्लेख गरी आगामी सभावाट पारीत हुने गरी अनुमोदन गर्ने निणर्य गरियो ।

| क्र.स. | संस्थाको नाम | सुचिकृत दर रेट | कैफियत |
|---|---|---|---|
| १ | कृषक समुह, | २५० | |
| २ | आमा समुह महिला समुह | निशुल्क | |
| ३ | युवा क्लव | ५००।- | |
| ४ | व्यापारी फर्म | १००० | |
| ५ | कन्सल्टेण्ड | १०००।- | |

प्रस्ताव नं ११ माथि आवश्यक छलफल गर्दा प्रत्येक वडाको वजार क्षेत्रमा प्रत्येक पसलमा फोहोर राख्ने डोको वा वास्केट हुनु पर्ने र उक्त सकंलित फोहोर कम्तिमा पनि गाउपालिका वा वडापालिकावाट तोकिएको निर्धारीत स्थानमा नष्ट गर्नुपर्ने यदी यो निणर्यलाई कसैले उल्लघन गरेको खण्डमा पहिलो पटककोलागि नसहित दिने र दोस्रो पटककोलागि ५०० रुपिया जरीवाना र उक्त फोहोर उठाउन लाग्ने सम्पुर्ण खर्च स्वयंनै व्यहोंने निणर्य गरियो ।

प्रस्ताव नं. १२ विधालय क्षेत्र वरपर विहान १० वजे देखी वेलुका ५ वजे सम्म मदिरा वेचविखन गर्न नपाउने मदिरा सेवन गरी विधालय क्षेत्र भित्र प्रवेश गर्न नपाउने यदी यो निणर्यको उल्लघन भएको खण्डमा १००० देखी १०००० सम्म जरीवाना गराउने निणर्य गरियो र यो निणर्य तत्काले कार्यन्वन गर्ने गरी सुचना जारी प्रत्येक वडामा परिपत्र गर्ने निणर्य गरियो ।

विरबहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

विरबहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत